महाबु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गैडाबाज, दैलेख

कर्णाली प्रदेश नेपाल

Website: www.mahabumun.gov.np
Email: mahabugaupalika74@gmail.com

प.स. - २०८२/०८३
च.नः-

महाबु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गैडाबाज,दैलेख कर्णाली प्रदेश,नेपाल

मितिः २०८२।०४।०५

**अविरल वर्षाका कारण हुन सक्ने सम्भावित जोखिम बाट सजक, सतर्क र सुरक्षित रहन सम्पूर्ण गाउँपालिकाबासीहरुमा हार्दिक अपिल**

हाल देशका सबैजसो स्थानहरुमा मनसुन सक्रिय रहेको र केहि दिन निरन्तर अविरल वर्षा भईरहेको सबैलाइ जानकारी नै छ । जल तथा मौसम विज्ञान विभागले यस वर्ष विगतका बर्षको तुलनामा बढी वर्षा हुन सक्ने र यसबाट बाढी, पहिरो भुक्षय लगायतको जोखिम उच्च रहने पुर्वानुमान गरेको छ ।

यसै सन्दर्भमा महाबु गाउँपालिका पनि बाढी, पहिरो, भुक्षय लगायतका प्राकृतिक प्रकोपको हिसावले उच्च जोखिम र संवेदनशिल अवस्थामा रहेको व्यहोरा जानकारी गरिन्छ ।

वर्षाबाट जनधन क्षति हुन नदिन सजक, सतर्क पुर्व सावधानीका उपायहरु अपनाउन र बाढी पहिरोको जोखिम ठाँउ आकलन गरी सुरक्षित रहन सम्पुर्ण गाउँपालिकावासीहरुलाई हार्दिक अपिल गर्दछु । मनसुन अवधिभर हुन सक्ने बाढी, पहिरो लगतारका विपद्का उच्च सम्भावनालाई दृष्टिगत गरी विपद् व्यवस्थापनको लागि पुर्व तयारी अवस्थामा रहन सबै सुरक्षा निकायहरु, वडा विपद् व्यवस्थापन समितिहरु, विपद् व्यवस्थापन संलग्न सरकारी तथा गैर सरकारी निकायहरु, रेडक्रस लगायतका अन्य संघ संस्थाहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

साथै मनसुन सक्रिय हुने अवधिभर बाढी, पहिरोको कारण कुनै समुदाय तथा बस्तिहरुमा बाढी पहिरो तथा भुक्षय भई जोखिम भएमा यथाशिघ्र महाबु गाउँपालिकामा तथा सम्बन्धित वडा कार्यालय र नजिकको प्रहरी कार्यालयहरुमा जानकारी गराउन हुन अनुरोध गरिन्छ ।

धन्यवाद ।

जंग बहादुर शाही
गाउँपालिका अध्यक्ष

जंग बहादुर शाही
अध्यक्ष